आ.व. २०७५/०७६ को दोस्रौ बैठक

आजमिति २०७५ साल श्रावण २० गते आइतवार राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्तावएवं निर्णयहरु तपसिल बमोजिम छन ।

उपस्थिति

अध्यक्षश्री नुमानन्द सुवेदी,राप्ती गाउँकार्यपालिका ।

उपाध्यक्षश्री जगदम्वाकुमारी चौधरी ,राप्तीगाउँ कार्यपालिका ।

सदस्यश्री टेकबहादुर कुमाल,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री बेदप्रसादचौधरी,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री बिष्णुबहादुर घर्ति क्षेत्री,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री कुवारी देवीकार्की,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री जगतबहादुर थापा,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री विष्णु गुरुङ्ग,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री ताराबहादुर डि.सी,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री गोकर्णबहादुर रानामगर,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री गोवर्धन रावत,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री विद्याशरण चौधरी,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्रीसुनितामल्ल,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री ताराकुमारी चौधरी,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री चन्दर चौधरी,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री रिमबहादुर सुनारी मगर,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्रीसंजिव परियार,राप्तीगाउँकार्यपालिका ।

सदस्य-सचिवश्री जगतप्रसाद भुसाल,राप्तीगाउँकार्यपालिका ।

**आमन्त्रित**

१. श्री गिरीधारी प्रसाद पन्त ना.सु.

२. श्री रेशमराज अधिकारी स.ले.पा.

३. श्री तिर्थराज ज्ञवाली सन्चार संयोजक

## बैठकका प्रस्तावहरु

१. कर्मचारी दरवन्दी संरचना सम्वन्धमा ।

२. आन्तरिक लेखापरीक्षण सम्वन्धमा ।

३. उपभोक्ता समिति गठन र तालिम सप्ताह मनाउने सम्वन्धमा ।

४. सुआहारा तथा कारीतास नेपालको कार्यक्रम स्वीकृत सम्वन्धमा ।

५. वडागतरुपमा समिक्षामा उठेका विषयहरु माथि छलफल गर्ने सम्वन्धमा ।

६. पूँजीगत निर्माण सुधारको बजेटबाट गत आ.व.मा अधुरो क्यान्टिन र ५ नं.वडा कार्यालयको भवनको टोपी निर्माण सम्वन्धमा ।

७. गाउँपालिकाको दररेट निर्धारण सम्वन्धमा ।

८. उपभोक्ता समिति व्यवस्थापन तथा सञ्चालन कार्यविधि,२०७५ सम्वन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा राप्ती गाउँपालिकाको भूगोल,जनसंख्या,सेवा प्रवाहको क्षेत्र, स्थानीय जनताको माग र कार्यरत कर्मचारीको अवस्था लाई दृष्टिगत गरी देहायको कर्मचारी संगठन संरचना तथा दरबन्दी तेरीजलाई दर्ताको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने निर्णय गरियो ।

२०७५।४।२०

# राप्ती गाउँपालिकाको स्वीकृत संगठन संरचना

गाउँ सभा → लेखा,विधायन,सुशासन तथा अन्य समिति

गाउँ कार्यपालिका → आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास र वातावरण तथा विपद व्यवस्थापन सिमिति

अध्यक्ष → उपाध्यक्ष → न्यायिक समिति

**प्रमुख प्रशासकीय अधिकृत**
रा.प.व्दितिय १

**प्रशासन योजना तथा अनुगमन शाखा**
शाखा अधिकृत रा.प.तृतीय
ने.प्र./सा.प्र.१
**प्रशासन इकाइ**
ना.सु.रा.प.अनं.प्रथम १
**योजना तथा अनुगमन इकाइ**
ना.सु.रा.प.अनं.प्रथम १
**कानूनी मामिला ईकाइ**
ना.सु.रा.प.अनं.प्रथम (न्याय) १
**जिन्सी इकाइ**
ना.सु.रा.प.अनं.प्रथम १

**९ वटा वडा कार्यालयमा**
ना.सु.रा.प.अनं.प्रथम ९
अ.सव. इन्जि.रा.प.अनं. व्दितीय ९

**सडक तथा अन्य पूर्वाधर विकास शाखा**
ईन्जिनियर (सिभिल/जनरल) रा.प.तृतिय १
स.ई. रा.प.अनं.प्रथम (जनरल) १
स.ई. रा.प.अनं.प्रथम (हाईवेय) १
अ.स.ई.सहायक चौथो १

**भवन तथा बस्ती विकास शाखा**
ईन्जिनियर (सिभिल/विल्डिङ एण्ड आर्किटेक्ट) रा.प.तृतिय १
स.ई. रा.प.अनं.प्रथम (जनरल) १
स.ई. रा.प.अनं.प्रथम (विल्डिङ एण्ड आर्किटेक्ट) १
नापी सर्वेक्षक १
**वातावरण सरसफाइ तथा विपद व्यवस्थापन इकाइ**
ना.सु.रा.प.अनं.प्रथम १
रेन्जर रा.प.अनं.प्रथम (प्रा.) वन १

**स्वास्थ्य तथा सामाजिक विकास शाखा**
जनस्वास्थ्य अधिकृत आठौं तह १
**सामाजिक सुरक्षा तथा पञ्जिकरण इकाइ**
ना.सु.रा.प.अनं.प्रथम १
**महिला बालबालिका तथा समाज कल्याण इकाइ**
महिला विकास निरीक्षक रा.प.अनं.प्रथम (विविध) १

**लालमटिया स्वास्थ्य चौकी**
डाक्टर(आठौं तह) १, हे.अ. १,
स्टाफ नर्स २, अ.हे.व. २,
अनमी ४, ल्याब टेक्निसियन (पाँचौ तह) १

**३ वटा सामुदायिक स्वास्थ्य इकाइमा**
अ.हे.व. ३
अनमी ३

**शिक्षा,युवा तथा खेलकुद शाखा**
शा.अ.रा.प.तृतीय (शिक्षा) १
प्रा.स.रा.प.अनं.प्रथम (शिक्षा) १

**सिसहनिया स्वास्थ्य चौकी**
डाक्टर(आठौं तह) १, हे.अ. १,
स्टाफ नर्स २, अ.हे.व. २,
अनमी ४, ल्याब टेक्निसियन (पाँचौ तह) १

**आर्युवेद औषधालय**
कविराज १
बैद्य १

**आर्थिक विकास शाखा**
शाखा अधिकृत रा.प.तृतीय
ने.प्रशासन १
**उद्योग तथा व्यवसाय प्रवर्द्धन इकाइ**
ना.सु.रा.प.अनं.प्रथम १

**कृषि सेवा केन्द्र**
अधिकृत रा.प.तृतीय (कृषि प्रसार) १,
प्रा.स.रा.प.अनं.प्रथम (कृषि प्रसार) १,
ना.प्रा.स.रा.प.अनं. व्दितिय (एग्री इको) १

**पशु सेवा केन्द्र**
पशु विकास अधिकृत रा.प.तृतीय १,
प.स्वा.प्रा. १, प्रा.स.(मत्स्य) १,
ना.प.से.प्रा. १, ना.प.स्वा.प्रा. १

**आर्थिक प्रशासन शाखा**
लेखा अधिकृत रा.प.तृतीय १
ले.पा.रा.प.अनं.प्रथम १
स.ले.पा.सहायक चौथो १

**आन्तरिक लेखा परीक्षण इकाइ**
आन्तरिक लेखा परीक्षक रा.प.अनं.प्रथम १

| क्र.सं. | पद नाम | श्रेणी/तह | रिक्त | पदपूर्ति | जम्मा | रिक्त | पदपूर्ति | जम्मा | रिक्त | पदपूर्ति | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **गाउँपालिका तर्फ** | | | | | | | | | | |
| १ | प्रमुख प्रशासकीय अधिकृत (उपसचिव) | रा.प.द्वितीय १ जना । | ० | ० | ० | १ | ० | १ | १ | ० | १ |
| २ | शाखा अधिकृत | रा.प.तृतीय (नेपाल प्रशासन) २ जना । | ० | ० | ० | १ | १ | २ | १ | १ | २ |
| ३ | शाखा अधिकृत | रा.प.तृतीय (शिक्षा) १ जना । | ० | ० | ० | १ | ० | १ | १ | ० | १ |
| ४ | जनस्वास्थ्य अधिकृत | आठौं तह १ जना । | १ | ० | १ | ० | ० | ० | १ | ० | १ |
| ५ | लेखा अधिकृत | रा.प.तृतीय १ जना । | ० | ० | ० | १ | ० | १ | १ | ० | १ |
| ६ | इन्जिनियर | रा.प.तृतीय (जनरल १ र बिल्डिङ्ग एण्ड आर्किटेक्ट १ जना) | १ | १ | २ | ० | ० | ० | १ | १ | २ |
| ७ | नायव सुब्बा (प्रशासन) | रा.प.अनं.प्रथम ६ जना । | ० | ० | ० | ५ | १ | ६ | ५ | १ | ६ |
| ८ | नायब सुब्बा (न्याय) | रा.प.अनं.प्रथम १ जना । | ० | ० | ० | १ | ० | १ | १ | ० | १ |
| ९ | प्राविधिक सहायक (शिक्षा) | रा.प.अनं.प्रथम १ जना । | ० | ० | ० | १ | ० | १ | १ | ० | १ |
| १० | म.वि.नि. | रा.प.अनं.प्रथम (विविध) १ जना । | ० | ० | ० | १ | ० | १ | १ | ० | १ |
| ११ | लेखापाल | रा.प.अनं.प्रथम १ जना । | ० | ० | ० | ० | १ | १ | ० | १ | १ |
| १२ | आन्तरिक लेखा परिक्षक | रा.प.अनं.प्रथम १ जना । | ० | ० | ० | १ | ० | १ | १ | ० | १ |
| १३ | सब इन्जिनियर | रा.प.अनं.प्रथम (प्रा.,जनरल) २ जना । | १ | १ | २ | ० | ० | ० | १ | १ | २ |
| १४ | सब इन्जिनियर | रा.प.अनं.प्रथम (प्रा.हाईवे) १ जना । | १ | ० | १ | ० | ० | ० | १ | ० | १ |
| १५ | सब इन्जिनियर | रा.प.अनं.प्रथम (प्रा.बिल्डिंग एण्ड आर्किटेक्टे) १ जना । | १ | ० | १ | ० | ० | ० | १ | ० | १ |
| १६ | सर्वेक्षक | रा.प.अनं.प्रथम (प्रा.) १ जना । | १ | ० | १ | ० | ० | ० | १ | ० | १ |
| १७ | रेन्जर | रा.प.अनं.प्रथम (प्रा.वन) १ जना । | १ | ० | १ | ० | ० | ० | १ | ० | १ |
| १८ | सह लेखापाल | सहायक स्तर चौथो १ जना । (साविक स्थानीय निकायमा कार्यरत) | ० | ० | ० | ० | १ | १ | ० | १ | १ |
| १९ | अ.सव इन्जिनियर | सहायक स्तर चौथो १ जना । (साविक स्थानीय निकायमा कार्यरत) | ० | १ | १ | ० | ० | ० | ० | १ | १ |
| | **गाउपालिकाको जम्मा कर्मचारी दरवन्दी संख्या** | | ७ | ३ | १० | १३ | ४ | १७ | २० | ७ | २७ |
| | **९ वटा वडा कार्यालय तर्फ** | | | | | | | | | | |
| १ | नायव सुव्वा | रापअनं.प्रथम(ने.प्रशासन) ९ जना । | ० | ० | ० | ६ | ३ | ९ | ६ | ३ | ९ |
| २ | अ.सव इन्जिनियर | रा.प.अनं.द्वितीय (प्रा.जनरल) ९ जना । | ९ | ० | ९ | ० | ० | ० | ८ | १ | ९ |
| | **९ वटा वडाको जम्मा कर्मचारी दरवन्दी संख्या** | | ९ | ० | ९ | ६ | ३ | ९ | १४ | ४ | १८ |
| | **२ वटा स्वास्थ्य चौकी (लालमटिया र सिसहनिया) तर्फ** | | | | | | | | | | |
| १ | डाक्टर | आठौं तह २ जना । | २ | ० | २ | ० | ० | ० | २ | ० | २ |
| २ | हे.अ. | २ जना । | २ | ० | २ | ० | ० | ० | २ | ० | २ |
| ३ | स्टाफ नर्स | ४ जना । | ४ | ० | ४ | ० | ० | ० | ४ | ० | ४ |
| ४ | अ.हे.व. | ४ जना । | २ | २ | ४ | ० | ० | ० | २ | २ | ४ |
| ५ | अ.न.मी. | ८ जना । | ५ | ३ | ८ | ० | ० | ० | ५ | ३ | ८ |
| ६ | ल्याब टेक्निसियन | पाँचौं तह २ जना | २ | ० | २ | ० | ० | ० | २ | ० | २ |
| | **२ वटा स्वास्थ्य चौकीको जम्मा कर्मचारी दरवन्दी संख्या** | | १७ | ५ | २२ | ० | ० | ० | १७ | ५ | २२ |

## राप्ती गाउंपालिकाको दरवन्दी तेरीज

| क्र.सं. | पद नाम | श्रेणी/तह | प्राविधिक | | | अप्राविधिक | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | रिक्त | पदपूर्ति | जम्मा | रिक्त | पदपूर्ति | जम्मा | रिक्त | पदपूर्ति | जम्मा |
| | | **कृषि सेवा केन्द्र तर्फ** | | | | | | | | | |
| १ | कृषि प्रसार अधिकृत | रा.प.तृतीय १ जना । | १ | ० | १ | ० | ० | ० | ० | ० | १ |
| २ | प्रा.स. | रा.प.अनं.प्रथम (कृषि प्रसार) १ जना । | १ | ० | १ | ० | ० | ० | १ | ० | १ |
| ३ | ना.प्रा.स. | रा.प.अनं.द्वितीय (एग्री इको) १ जना । | १ | ० | १ | ० | ० | ० | १ | ० | १ |
| कृषि सेवा केन्द्रको जम्मा कर्मचारी दरवन्दी संख्या | | | ३ | ० | ३ | ० | ० | ० | २ | ० | ३ |
| | | **पशु सेवा केन्द्र तर्फ** | | | | | | | | | |
| १ | पशु विकास अधिकृत | रा.प.तृतीय १ जना । | १ | ० | १ | ० | ० | ० | १ | ० | १ |
| २ | प.स्वा.प्रा. | रा.प.अनं.प्रथम १ जना । | ० | १ | १ | ० | ० | ० | ० | १ | १ |
| ३ | प्रा.स. | रा.प.अनं.प्रथम (मत्स्य) १ जना । | ० | १ | १ | ० | ० | ० | ० | १ | १ |
| ४ | ना.प.से.प्रा. | रा.प.अनं.द्वितीय १ जना । | ० | १ | १ | ० | ० | ० | ० | १ | १ |
| ५ | ना.प.स्वा.प्रा. | रा.प.अनं.द्वितीय १ जना । | १ | ० | १ | ० | ० | ० | १ | ० | १ |
| पशु सेवा केन्द्रको जम्मा कर्मचारी दरवन्दी संख्या | | | २ | ३ | ५ | ० | ० | ० | २ | ३ | ५ |
| | | **आर्युवेद औषधालय तर्फ** | | | | | | | | | |
| १ | कविराज | रापअनं.प्रथम १ जना । | १ | ० | १ | ० | ० | ० | १ | ० | १ |
| २ | वैद्य | रा.प.अनं.द्वितीय १ जना । | १ | ० | १ | ० | ० | ० | १ | ० | १ |
| आर्युवेद औषधालयको जम्मा कर्मचारी दरवन्दी संख्या | | | २ | ० | २ | ० | ० | ० | २ | ० | २ |
| | | **३ वटा सामुदायिक स्वास्थ्य इकाइमा** | | | | | | | | | |
| १ | अ.हे.व. | चौथो तह ३ जना । | ३ | ० | ३ | ० | ० | ० | ३ | ० | ३ |
| २ | अ.न.मी. | चौथो तह ३ जना । | ३ | ० | ३ | ० | ० | ० | ३ | ० | ३ |
| ३ वटा सामुदायिक स्वास्थ्य इकाइको जम्मा कर्मचारी दरवन्दी संख्या | | | ६ | ० | ६ | ० | ० | ० | ६ | ० | ६ |
| गाउंपालकि र अन्तर्गतको कूल कर्मचारी दरवन्दी संख्या | | | ४६ | ११ | ५७ | १९ | ७ | २६ | ६३ | १९ | ८३ |

**निर्णय नं.२**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस राप्ती गाउँपालिकाको आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण गर्न हालसम्म आन्तरिक लेखापरीक्षण इकाइ गठन नभएको र सो इकाइ हेर्ने कर्मचारी पनि नभएको कारण यस गाउँपालिकाको आ.व.०७४/०७५ को आर्थिक कारोवारको आन्तरिक लेखापरिक्षण गर्नको लागि कोष तथा लेखा नियान्त्रक कार्यालय दाङलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस राप्ती गाउंपालिकाको आ.व.०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार योजनाहरु सञ्चालन गर्न मिति २०७५ श्रावण मसान्त सम्म उपभोक्ता समिति गठन कार्य सम्पन्न गर्नको लागि ९ वटै वडालाई निर्देशन दिने र मिति २०७५ भाद्र १२ गते सम्म गठन गरिएका उपभोक्ता समितिका पदाधिकारीहरु लाई तालिम दिई १० लाख भन्दा बढी बजेट विनियोजन भएका योजनाहरुलाई मिति २०७५ भाद्र मसान्त सम्म र सो भन्दा कम बजेट विनियोजन भएका योजनाहरुलाई मिति २०७५ आश्विन मसान्त भित्र सम्झौता गरीसक्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व.०७५/०७६ मा राप्ती गाउँपालिकाको अनुमती लिई गाउँपालिका क्षेत्रभित्र कार्यक्रम सञ्चालन गर्नको लागि बजेट तथा कार्यक्रम पेश गरेका गैरसरकारी संस्थाहरु कारीतास नेपाल र बेस नेपालको (सुआहारा २) कार्यक्रमलाई स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा ९ वटै वडाहरुले आ.व.०७४/०७५ मा सञ्चालन गरेका योजना तथा कार्यक्रमहरुको वडागत समिक्षामा उठेका विषयहरुलाई गाउँ कार्यपालिकाले गहनरुपमा मनन गर्दै चालु आ.व.मा जनप्रतिनिधिहरु तथा प्राविधिकहरुले योजना तथा कार्यक्रमको निरन्तर अनुगमन गर्ने र योजनाहरुको लागत अनुमान नेपाली भाषमा तयार गर्नको लागि प्राविधिकहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा राप्ती गाउँपालिकाको कार्यालय परिसर भित्र निर्माणधिन क्यान्टिन गत आ.व.मा सम्पन्न हुन नसकी अधुरो रहेका साथै ५ नं.वडा कार्यालयको कार्यालय भवनको टोपी चालु आ.व.मा सम्पन्न गर्नको लागि प्राविधिकको ईष्टिमेट बमोजिम लाग्ने खर्च पूँजीगत निर्माण सुधारको बजेटबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा राप्ती गाउँपालिकाको आ.व.०७५/०७६ को गाउँपालिका दररेट जिल्ला दररेट भन्दा बढी नहुनेगरी पारीत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा राप्ती गाउँपालिकाको आ.व.०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार योजनाहरु सञ्चालन गर्न राप्ती गाउँपालिका उपभोक्ता समिति व्यवस्थापन तथा सञ्चालन कार्यविधि,२०७५ माथि दफावार छलफल सम्पन्न भई पारीत गर्ने निर्णय गरियो ।